८९५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३३३/२०७१/०७२

निर्णय नं. २७

जिल्ला काठमाडौं नगरपालिका चन्द्रागिरी वडा नं. १७ बलम्बु बस्ने वर्ष ३८ को सञ्जय देव महर्जन ..........१ निवेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौं ....१ विपक्षी
सूचना अधिकारी, चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौं ............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला काठमाडौं नगरपालिका चन्द्रागिरी वडा नं. १७ बलम्बु बस्ने वर्ष ३८ को सञ्जय देव महर्जनले चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०८ मा निवेदन गरेकोमा माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी पुनः मिति २०७२।०४।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी चन्द्रागिरी नगरपालिकाको कार्यालय, बलम्बु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. नगरपालिका घोषणा भएर कार्यालय स्थापनार्थ अहिलेसम्म कार्यालय प्रयोजनको लागि के कस्ता कुन कुन सामग्री खरिद गरिएको छ ? भन्ने विवरणको प्रमाणित प्रतिलिपि ।
२. यदि सामान गरिएको छ भने त्यसको लागको विवरण बील भैचरको फोटोकपीसहितको प्रमाणित प्रतिलिपि ।

३. कार्यालय प्रयोजनका लागि विभिन्न आवश्यक सामानहरु छापिएको भए कुन मितिको टेण्डर आव्हानबाट र टेण्डर कुन संस्था वा व्यक्तिलाई परेर छपाईएको हो ? सो को जानकारी सहितको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।